केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०५/०७१/७२

मितिः २०७१/१२/२६

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

# सूचना

बागमती सफाई महाअभियानको सयौं हप्ता कार्यक्रम बारे नेपाल सरकार, मुख्यसचिवज्यूबाट प्राप्त यसै साथ संलग्न पत्रको विस्तृत व्यहोरा अवगत गर्नु भई देहायको मिति, समय र स्थानमा हुने कार्यक्रममा यस बैंकबाट इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई अनिवार्य उपस्थिति गराई दिनुहुन अनुरोध गर्दछु ।

**कार्यक्रमः**

मितिः २०७१ चैत्र २८ गते

समयः बिहान ७ बजे

स्थानः सुन्दरीजलदेखि चोभारसम्म मानव साङ्लोको लागि जम्मा हुने प्रस्तावित १४ खण्ड ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

नेपाल सरकार
सिंहदरबार, काठमाडौं ।
फोन नं.: ४२११०००, ४२११०८२
फ्याक्स नं. ४२११०६५

मुख्यसचिव

२२ चैत्र, २०७१
*अत्यन्त जरूरी*

विषयः *बागमती सफाई महाअभियानको सयौं हप्ता कार्यक्रमको निमन्त्रणा ।*

श्री गभर्नरज्यू,
नेपाल राष्ट्र बैंक,
बालुवाटार, काठमाडौं ।

बागमती नदी काठमाडौं उपत्यकाको संस्कृति र सभ्यताको स्रोत तथा जीवन आधारको रूपमा रहेको छ । सरसफाई सभ्य समाजको पहिलो सूचक पनि हो । बागमती नदीको स्वच्छता कायम राख्न विगतमा भएका प्रयासलाई मनन गर्दै करिव एक दर्जन सरकारी र गैर सरकारी संघ-संस्था एवं व्यक्तिको सहयोग र सहभागितामा मिति २०७० जेठ ५ गतेबाट बागमती नदी सफाई गर्न प्रारम्भ गरिएको थियो । बागमती नदी र यसका किनारालाई सरसफाई गर्न शुरु गरिएको यो स्वयंमसेवी अभियानले २०७१।१२।२१ गते ९९ औं हप्ता पूरा गरेको छ । यस अभियानबाट बागमती नदीको पानी विगत भन्दा स्वच्छ भएको देख्न सकिन्छ । हाल उपत्यकाका नदीहरू मध्ये हरेक शनिबार १३ स्थानमा र नेपालभरी करीब ५० ठाऊँमा नियमित सफाई हुने गरेको छ । बागमती सफाई अभियानले अभूतपूर्व जनचेतना जगाएको छ र नदीमा जथाभावी फोहर फ्याकने क्रम धेरै मात्रामा नियन्त्रण भएको पनि छ ।

नदी सरसफाईका क्रममा काठमाडौंमा नदीहरूबाट मात्रै करीब पाँच हजार मेट्रिकटन फोहर निकालिएको छ । यस अभियान सँग-सँगै रोकिएका पूर्वाधार निर्माणका कार्यहरू जस्तै बाटो, ढल र वृक्षारोपण अगाढी बढेका छन् । हालसम्म सफाई अभियानमा करिव ९०० संघ-संस्थाका करीव दुईलाख अस्सीहजार मानिसहरू संलग्न भइसकेका छन् । नदी किनारमा गैर सरकारी संघ संस्थाबाट करिव दुई दर्जन बगैंचा बन्दैछन् । बागमती नदीका दुवै किनारामा ढल विछ्याउने काम २०७४ साल असार भित्र सम्पन्न गर्ने गरी काम अगाडी बढेको छ । अन्य सहायक नदीमा समेत ढल विछ्याउने काम चालु र आगामी आ.व. देखि हुनेछ । धेरै कठिनाईबाट प्राप्त भएका यी उपलब्धीलाई संस्थागत गर्दै सरसफाईलाई निरन्तरता दिनुपर्ने खाँचो रहेको छ । साथै, नागरिकहरूलाई आफ्नो कर्तव्य प्रति निष्ठावान र अधिकार प्रति सचेत बनाएर मात्र मुलुकको सम्बृद्धि सम्भव हुन्छ भन्ने सन्देश दिन र सार्वजनिक चासो वा हितका लागि व्यक्तिगत त्यागको भावना जगाउन पनि यस्तो स्वयंसेवी अभियान अगाडी बढ्न जरुरी छ ।

सफाई अभियानको १००औं हप्ता पुगेको अवसरमा आमजनता तथा राष्ट्रसेवकहरुको सहभागिता जुटाई सरसफाई सम्बन्धी राष्ट्रको प्राथमिक जिम्मेवारी र उद्धेश्यलाई टेवा पुऱ्याउन ***"म नदीलाई प्रदुषित गर्दिन, अरूलाई पनि गर्न दिन्न"*** भन्ने सन्देश प्रवाह गर्न देहायको मिति, समय र स्थानमा १४ खण्डमा बाँडी सुन्दरीजलदेखि चोभारसम्म बागमती नदीको दायाँ-बायाँ दुवै किनारमा **मानव साङ्लो बनाउने कार्यक्रम** आयोजना गरिएको छ । राष्ट्रिय गौरव र स्वाभिमानलाई उचो राख्ने यस अभियानमा आफू र त्यस बैंक अन्तर्गत सरकारी तथा निजीक्षेका बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई अनिवार्य उपस्थितिका लागि पत्राचार गरी निष्ठापूर्वक अभिय्यानमा लाग्ने सबैलाई हौसला बढाई दिनुहुन हार्दिक आमन्त्रण एवं अनुरोध गर्दछु ।

कार्यक्रम

मिति:-२०७१ चैत्र २८ गते

समय:-बिहान ७ बजे

स्थान:- सुन्दरीजलदेखि चोभारसम्म मानव साङ्लोको लागि जम्मा हुने प्रस्तावित १४ खण्डको नक्साङ्कन संलग्न छ ।

लीलामणि पौड्याल